# प्रदेश लोक सेवा आयोग

सुदूरपश्चिम प्रदेश

धनगढी,कैलाली

## सूचना सूचना सूचना

मिति २०७९।११।२३ गते नेपाल सरकारको एकीकृत तथ्याङ्क केन्द्र (GIDC) मा सिर्जित समस्याको कारण यस आयोगको अनलाइन प्रणालीमा आफ्नो प्रोफाइल बनाएका पुरानो युजरहरुको सम्बन्धमा देहाय बमोजिमको समस्या देखिन सक्छ।

१. पुरानो User र Password बाट प्रोफाइल नखुल्ने समस्या हुन सक्छ।
२. पुरानो User र Password बाट प्रोफाइल खुले पनि अपलोड गरिएका आवश्यक कागजातहरु लगायत अन्य डाटाहरु नष्ट भएको हुन सक्छ।

प्रस्तुत सन्दर्भमा, यस आयोगबाट मिति २०७९।०९।२७ गते प्रकाशित विज्ञापनमा उल्लिखित **सहायक स्तर पाँचौ तहका सबै प्राविधिक पदमा** र मिति २०७९।१०।२६ गते प्रकाशित विज्ञापनमा उल्लिखित **सहायक स्तर चौंथो तहका सबै अप्राविधिक पदमा** दरखास्त पेश गर्नु भएका उम्मेदवारहरुको प्रोफाइल नखुल्ने समस्या भएको छ वा प्रोफाइल खुले पनि अपलोड गरिएका आवश्यक कागजागतहरु लगायत अन्य डाटाहरु नष्ट भएको हुन सक्छ।सो सम्बन्धमा आयोगबाट आवश्यक निर्णय गरी चाँडै सूचना प्रकाशन गरिने र मिति २०८०।०१।१४ गते प्रकाशित विज्ञापनमा उल्लिखित **सहायक स्तर चौंथो तहका सबै प्राविधिक पदमा** दरखास्त पेश गर्दा तपसिल बमोजिम गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ।यसबाट सेवाग्राहीहरुमा पर्न गएको असुविधा प्रति क्षमाप्रार्थी छौं।

१. पुरानो User र Password प्रयोग गर्दा प्रोफाइल नखुलेमा मिति २०८०।०१।१४ गते प्रकाशित विज्ञापनमा उल्लिखित **सहायक स्तर चौंथो तहका प्राविधिक पदमा** दरखास्त पेश गर्दा पुरानो प्रोफाइलमा भएको मोबाइल नं. नै प्रयोग गरी नयाँ User र Password बनाउने।
२. पुरानो User र Password प्रयोग गर्दा प्रोफाइल खुलेमा आवश्यक कागजात लगायतका अन्य डाटाहरु Upload गर्ने।

सत्यराज जोशी
सुचना अधिकारी